Nepali | नेपाली

# तथ्य पत्र

# एनएसडब्लू दासत्व विरोधी आयुक्त

## एनएसडब्लूको दासत्व विरोधी आयुक्त को हो?

न्यू साउथ वेल्सका लागि दासत्व विरोधी आयुक्त डा जेम्स कोकेन हुन्। डा कोकेनको पाँच वर्षे कार्यकाल १ अगस्ट २०२२ मा सुरु भएको थियो।

दासत्व विरोधी आयुक्तको भूमिका आधुनिक दासत्व अधिनियम २०१८ (एनएसडब्लू) द्वारा तय गरिएको थियो। यसले आयुक्तका कार्यहरूमा निम्न कार्यहरु समावेश गरेको छ:

- आधुनिक दासत्व विरुद्ध लड्ने कार्यको प्रवर्द्धन गर्ने तथा वकालत गर्ने
- आधुनिक दासत्वबाट पीडित भएकाहरूलाई पहिचान गर्ने, र सहयोग तथा सहायता प्रदान गर्ने
- आधुनिक दासत्व विरुद्ध लड्न सरकारी कानून र नीतिहरू प्रभावकारी छन् भनी सुनिश्चित गर्ने
- आपूर्ति-श्रृंखलाहरूबाट आधुनिक दासत्वका उत्पादनहरू हटाउन एनएसडब्लू सार्वजनिक खरीदका प्रयासहरूको समर्थन तथा निरीक्षण गर्ने
- कार्य संहिताहरू जारी गर्ने र आपूर्ति-श्रृंखलाहरूमा आधुनिक दासत्वको जोखिमलाई सम्बोधन गर्ने प्रयासहरूको आधिकारिक दर्ता सूची कायम गर्ने
- आधुनिक दासत्वको बारेमा सामुदायिक चेतना जगाउने।

Office of the
NSW Anti-slavery
Commissioner

Working together
for real freedom

NSW Anti-slavery Commissioner's
Strategic Plan 2023–2026

## आधुनिक दासत्व के हो?

आधुनिक दासत्व तब हुन्छ जब एक व्यक्तिले अर्को व्यक्तिलाई आफ्नो अधिनमा राखेको जस्तो व्यवहार गर्दछ - उसको स्वतन्त्रतालाई प्रतिबन्धित गर्दछ। आधुनिक दासत्व त्यो शब्द हो जसले विभिन्न कानूनी अपराधहरूको दायरालाई समेट्छ। यसमा निम्न कुराहरु समावेश छन्:

- दासत्व
- दासता
- यौन दासता
- जबरजस्ती श्रम
- जबरजस्ती विवाह
- ऋण बन्धक
- मानव तस्करी
- श्रम वा सेवाहरूको लागि भ्रामक भर्ती
- अंग तथा तन्तु बेचबिखन
- बालबालिकाको अनलाइन यौन शोषण

## के एनएसडब्लूमा आधुनिक दासत्व छ?

छ। विश्वभरमा करिब ५ करोड मानिस आधुनिक दासत्वमा बाँचिरहेका छन्। अष्ट्रेलियामा लगभग ४१,००० मानिसहरू आधुनिक दासत्वमा बाँचिरहेका छन्, न्यू साउथ वेल्समा लगभग १६,४०० जना छन्।

## एनएसडब्लूमा आधुनिक दासत्वका केही उदाहरणहरू के हुन्?

दासत्व विरोधी आयुक्तको कार्यालयले एनएसडब्लूमा विभिन्न प्रकारका आधुनिक दासत्वको विश्वसनीय प्रतिवेदनहरू प्राप्त गरेको छ, जसमा:

- रिजनल एनएसडब्लूका खेतहरूमा कामदारहरूलाई जबरजस्ती श्रममा फसाइएका छन्।
- सहरी घरपरिवारहरुमा कामदारहरूलाई घरेलु काममा लगाउन बाध्य पारिएको छ।
- व्यक्तिगत रूपमा र सामाजिक सञ्जाल मंचहरू मार्फत महिला तथा बालबालिकाहरूलाई, यौन शोषणको लागि तयार तथा बाध्य बनाइएको छ।
- कार्यालयहरूमा काम गर्ने सरसफाइ तथा सुरक्षाकर्मीहरू ऋण बन्धकको रुपमा फसेका छन्।
- कम उमेरका पुरुष, महिला र केटीहरू यहाँ वा विदेशमा विवाह गर्न बाध्य छन्।
- अपाङ्गता भएका व्यक्तिहरूको पृथक कार्यस्थलहरू वा संस्थागत हेरचाहमा शोषण भइरहेको छ।
- आदिबासी समुदायका जनताहरुलाई जबरजस्ती श्रम तथा जबरजस्ती बाल श्रममा लगाइएको छ।

# तथ्य पत्र

# एनएसडब्लू दासत्व विरोधी आयुक्त

## एनएसडब्लूमा आधुनिक दासत्व अन्त्य गर्न दासत्व विरोधी आयुक्तले के गर्दैछ?

दासत्व विरोधी आयुक्तले निम्न कुराहरु गर्दैछन्:

**रोकथाम क्षमता निर्माण** – एनएसडब्लूको सरकारी तथा गैर-सरकारी संस्थाहरूसँग मिलेर काम गर्दै उनीहरूलाई आधुनिक दासत्वको जोखिममा परेका मानिसहरूलाई पहिचान गर्न र पीडित हुनबाट रोक्न मद्दत गर्न रोकथाम क्षमता निर्माण गरिरहेको छ। यसमा अग्रपंतीका कामदारहरूलाई सशक्त बनाउने र प्रभावकारी सहायता तथा रेफरल हटलाइन स्थापना गर्ने समावेश छन्।

**उपाय सुदृढधिकरण** – प्रभावकारी समाधानको लागि आधुनिक दासत्व देखि उपाय सुदृढधिकरणको प्रत्यक्ष अनुभव गरेका मानिसहरूको पहुँच सुधार गर्न सेवा प्रदायकहरूसँग काम गर्दैछ। यसमा प्रभावकारी सहायताको पहुँचलाई सुदृढ पार्ने र जीवित व्यक्तिहरूको नेतृत्वलाई बढावा दिने समावेश छन्।

**जिम्मेवार व्यवसायिक अभ्यासहरूलाई बढावा** – आपूर्ति श्रृंखलाहरू तथा लगानीमा आधुनिक दासत्व पहिचान गर्न र सम्बोधन गर्न नेतृत्व देखाउन सरकारी तथा निजी कम्पनीहरूसँग काम गर्दैछ। यसमा सार्वजनिक खरिदबाट आधुनिक दासत्वका उत्पादनहरू हटाउने र निजी क्षेत्रमा जिम्मेवार व्यवसायिक अभ्यासहरूलाई बढावा दिने समावेश छन्।

**लय परिवर्तन** – एनएसडब्लूमा आधुनिक दासत्वको बारेमा चेतना जगाउने जसले दासत्वबाट मुक्तभएकाहरूलाई सशक्त बनाउँछ र विरोधीका लागि दासत्व विरोधी व्यवसायीक र नीतिगत मुद्दाहरू निर्माण गर्दछ।

**उद्देश्यसहितको समुदायको विकास** – आधुनिक दासत्व ऐन २०१८ (NSW) को दिगो तथा समावेशी कार्यान्वयनको लागि आधारशिला खडा गर्दै, सरोकारवालाहरूलाई ऐनको लक्ष्यहरूमा काम गर्न एकसाथ ल्याउने र आधुनिक दासत्व विरुद्ध लड्ने दिगो र सफल प्रयासहरू सुनिश्चित गर्दैछ।



## के तपाईं, वा तपाईंले चिनेको कोही जोखिममा हुनुहुन्छ?

यदि तपाईं वा तपाईंले चिन्ने कोही मानव बेचबिखन वा दासत्वको जोखिममा हुनुहुन्छ भने तपाईंले तल दिएको जानकारीमा सम्पर्क गर्न सक्नुहुन्छ:

- antislavery@justice.nsw.gov.au मा एनएसडब्लू दासत्व विरोधी आयुक्तको कार्यालय (the Office of the NSW Anti-slavery Commissioner) मा सम्पर्क गर्न सक्नुहुन्छ। हामी तपाईंलाई आवश्यक पर्ने सुरक्षा तथा सहायता प्रदान गर्ने सेवाहरू जस्तै आवास, कानूनी तथा अध्यागमन सुझाव, परामर्श र आर्थिक सहयोग गर्ने सेवाहरुमा निर्देशित गर्न मद्दत गर्नेछौं। कुनै बच्चा वा कम उमेरको व्यक्तिलाई उल्लेख्य हानिको जोखिममा रहेको शंका गर्ने उचित आधारहरू नभएसम्म दासत्व विरोधी आयुक्तले आफूसँग साझा गरिएको प्रतिवेदन जानकारी प्रदान गर्न आवश्यक छैन; वा
- अष्ट्रेलियाली संघीय प्रहरी (the Australian Federal Police; AFP) लाई १३१ २३७ (१३१ AFP) मा सम्पर्क गर्न सक्नुहुन्छ वा मद्दतको लागि AFP वेबसाइट www.afp.gov.au मा जानुहोस्।

## के तपाईलाई दोभाषे चाहिन्छ?

नि:शुल्क, गोपनीयता सहितको दोभाषे सेवा, अनुवाद तथा दोभाषे सेवा (Translating & Interpreting Service; TIS) को १३१ ४५० मा उपलब्ध छ। TIS को एक दोभाषेले तपाईंलाई अन्य सेवाहरूसँग संवाद गर्न मद्दत गर्न सक्छ, यद्यपि TIS ले परामर्श प्रदान गर्दैन। सबै फोन सम्पर्कहरू नि:शुल्क र गोप्य छन्।

## एनएसडब्लूको दासत्व विरोधी आयुक्तको कार्यालयसँग सम्पर्कमा रहनुहोस्

**हाम्रो वेबसाइटमा जानुहोस्**

**Website:** dcjnsw.info/antislaverycommissioner

**Facebook:** @Office of the NSW Anti-slavery Commissioner

**LinkedIn:** @Office of the NSW Anti-slavery Commissioner